उत्सवको अर्थ



# चुनाव र चाडबाडको चटारो



मदनकुमार श्रेष्ठ

> उत्सवलाई उत्सवकै रुप दिने भनेको एउटा विधिबाट हो । जसरी सांस्कृतिक चाडहरुको पूर्वनिर्धारित मान्यतामा आधारित विधि पूरा गरिन्छ, त्यसैगरी राजनीतिक निर्णय पनि संवैधानिक दायराभित्र रहेर गर्न जरुरी छ ।

आउने केही महिना आमनेपालीका निम्ति यादगर रहनेछ । हरेक शरद ऋतु त्यसैपनि उत्सवमय हुने गर्छ । प्राकृतिक परिवेशसँगै चाडबाडको याम हुने भएकाले हरेक शरद मानव सम्झना बनेर रहने गर्छ । नेपालीहरुमा संभवतः नोस्टाल्जिक लेखहरु दशैंसंग सम्बन्धित धेरै होलान् । परिवर्तित समयसँगै मनोरञ्जनका साधन बढ्नुका साथै भेटघाटको सहजताले दशैंको महत्व तुलनात्मक कम भएको हुन सक्छ ।

तर अझै पनि दशैं, तिहार, छठ, नेपाल सम्वतः उभौली, क्रिसमस लगायत ठूला चाडहरुलाई उत्तिकै महत्वका साथ मनाइने गरेको छ । अध्ययन, रोजगारी र अन्य कारणले घर बाहिर रहेकाहरुसँग भेटघाट हुने भएकाले पनि यो यी चाडहरुलाई विशेष चासोका साथ हेरिने गरिएको पाइन्छ । यस बाहेकका चाडले पनि आफन्तसँगको भेटघाटको अवसर जुराइदिन्छ । तर तुलनात्मक महत्व यी चाडहरुलाई दिइदै आएको छ । विशेषगरी हाम्रो समाज कृषिमा आधारित भएर अगाडि बढेकाले पनि यस्तो भएको हुन सक्छ । अनाज भित्र्याउने मौसम भएकाले यी चाडहरुलाई उत्सवको रुप लिन गरेको हुन सक्छ ।

यदि अनाज उत्पादन नहुने र भण्डारमा राखिएका अन्न पनि सकिने बेला मनाइने चाडमा उति धेरै उत्सव हुन सक्दैन । त्यसैले अनाज भित्र्याउने बेला नै कृषिमा आधारित समाज बढी हुने गरेको हुन सक्छ । विस्तारै बेमौसमी खेतीतिर पनि जोड दिइएको पाइन्छ । यदि बेमौसमी कृषिले व्यापकता पाए भने अनाज उत्पादनको समय निर्धारण गरिरहन जरुरी छैन । तर अहिलेसम्म मौसमी खेतीमै मुलुक निर्भर छ । त्यसैले शारदीय मौसमको विशेष अर्थ र महत्व छ ।

अर्कोतिर यो मौसममा आकाश खुल्ने, जाडो र गर्मीको सन्तुलन कायम हुने, फूलहरु फुल्ने लगायत कारणले पनि शारदीय यामले उत्सवको रुप लिने गरेको बुझ्न सकिन्छ । फेरि चाडहरु आफैमा सांस्कृतिक प्रतीकको आधार हुन् । साझा संस्कृतिले समुदायलाई एउटै डोरीमा बाध्ने गर्छ । हुनत समाजको व्यापकता बढेसँगै संस्कृतिले पनि समुदायको सीमा तोडिसकेको छ । अहिले दशै कुनै धर्म विशेषसँग मात्रै सीमित छैन । अरु धर्मप्रति आस्था राख्ने समुदायले पनि धुमधामका साथ मनाउने गरेका छन् । छठले भूगोल छिचोलेको छ । अहिले छठ तराई-मधेशको भूगोलमा मात्रै नमनाएर राजधानी उपत्यका सहित पहाडी भूमिमा पनि मनाउन थालिएको छ ।

क्रिसमस, इद, उभौली, बुद्ध पूर्णीमा लगायत सबै चाड सबै समुदाय र भूगोलमा फैलिएको छ । अर्थात् चाडहरुको उत्सवले समुदायलाई साझा डोरीमा बाँधेको छ । कुनै समुदाय विशेषमा केन्द्रीत नरहेर आम चाड बन्दै गएको छ । अनास्तिक व्यक्तिहरुले पनि यसलाई धर्मका रुपमा नभएर संस्कृतिका रुपमा स्वीकार गर्दै आएका छन् । केही समय अगाडि कम्युनिष्टहरुले चाड मनाउनु हुन्न भन्ने मान्यता अहिले त्यही रुपमा पाइदैन । आफैले चाड मनाएपनि शुभकामना दिने प्रवृत्ति कायमै छ ।

सामाजिक सञ्जालको तीव्र विकासले पनि संस्कृतिको व्यापकता बढेको छ । अहिले ९० प्रतिशत नेपालीको पहुँजमा सूचना प्रविधिको विस्तार भएको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्क छ । नेपालीको जनसंख्या भन्दा धेरै मोबाइलको संख्या रहेको तथ्य पनि हामीसँग छ । सामाजिक सञ्जाल पनि थपिदै गएको छ । ट्वीटर, फेसबुक, टिकटक, म्यासेन्जर, ह्वाट्सएप, भाइबर लगायतको विकासले सांस्कृतिक चाडहरुलाई थप व्यापकता दिएको छ ।

हरेक चाडमा शुभकामना दिन यिनै एपहरुको उपयोग हुने गरेको छ । यिनै माध्यमका कारणले आम अनुभूति पनि बढेको छ । जुनसुकै परिवेश र पृष्ठभूमि भएपनि सामाजिक सञ्जालहरु भएर हरेक चाडले आम रुप लिने गरेको छ । जस्तो-बितेका दुई वर्ष विश्वव्यापी कोरोनाको प्रकोपले भौतिक उपस्थितिलाई लगभग बर्जित नै गरेको थियो । तर सामाजिक सञ्जालबाट यी चाडहरु मनाइएको थियो ।

यसपटक अझ अर्को उत्सव पनि थपिदैछ । आउने मंसिर ४ गते आमचुनाव हुँदैछ । सरकार, निर्वाचन आयोग, राजनीतिक दल र चुनावमा उम्मेद्वारका



आकांक्षीहरुले चुनावको तयारी तीव्र पारेका छन् । असोज ३ गते दलहरुले बुझाएको समानुपातिकतर्फको उम्मेद्वारको नामावली आगामी असोज १६ गते अन्तिम रुप दिइदैछ । दलहरुले प्रतिनिधिसभाका लागि ११० र प्रदेशसभाका लागि २२० जनाको नामावली बुझाएका छन् । यो नामावली समानुपातिक प्रतिनिधित्वका आधारमा तय गर्नुपर्नेछ ।

आयोगले आचारसहिता लागू गरिसकेको छ । आचारसंहिताले चुनावी वातावरण अझ कसिलो बनाउनेछ । सरकारले गर्न हुने र नहुने क्रियाकलपमा आयोगको ध्यान जानेछ । राजनीतिक दलहरु र सरकारले आचारसहिताका आधारमा निर्णय लिनुपर्नेछ । सँगै, मतदातालाई मतदाता सर्वाधिक शक्तिशाली बन्दैछन् । लोकतन्त्रको रिट नै चुनावमा मतदाता शक्तिशाली हुनु हो ।

पाँच वर्षमा आउने चुनावमार्फत मतदाताले आफ्नो शासनबारे निर्णय लिनेछन् । चुनावमा प्रकट हुने मतकै आधारमा शासन प्रणालीको निधो हुने भएकाले यो मतदाताका निम्ति पनि उत्सवको विषय हो । चुनावमा यदि गल्ती हुन पुगेमा त्यसको सजाय नागरिकले पाँच वर्ष भोग्नुपर्नेछ । तसर्थ मतदाताका लागि पनि चुनाव विशेष उत्सव हो ।

मतदातालाई भयरहित ढंगले मत प्रकट गर्ने वातावरण सिर्जना गर्नु सरकार, निर्वाचन आयोग र सम्बन्धित निकायको दायित्व हो । त्यो दायित्वमा हुने कमीले चुनावी प्रक्रिया प्रभावित हुनेछ । हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा भएकाले चुनावको अझ विशेष महत्व छ । निष्कर्षमा हाम्रो लोकतन्त्र सुदृढ गर्ने कुरा चुनावबाट निर्धारित हुनेछ । त्यसैले पनि यसपटकको चाडबाड अझ विशेष हुनेछ ।

चाडबाडसँगै उम्मेद्वारहरुले आफूमा मत प्रकट गर्न आग्रह गर्ने निश्चित छ । अर्थात् चाडको शुभकामनासँगै चुनावी अभिप्राय समेत प्रकट हुँदैछ । त्यस्तो अभिप्राय बुझ्नु सजिलो कुरा होइन । राजनीतिक नेतृत्वले पनि इमान्दारिता प्रकट गर्नु संवैधानिक दायित्व हो । तर चुनाव आफैमा गणितसँग जोडिएको हुन्छ ।

मतदाताले मतपेटिकामा मत खसालेसँगै त्यो प्राविधिक गणनाको विषय बन्छ । त्यसभित्र राजनैतिक सन्देश हुन्छ । तर त्यो राजनीतिक सन्देशलाई प्राविधिक गणितमा मात्रै सीमित गर्ने प्रयत्न दल र उम्मेद्वार हरुले गर्न सक्छन् । त्यसबारे सचेत रहन र राख्न सक्नुपर्ने हुन्छ । त्यस्तो शक्ति आर्जन गर्ने समय पनि आउने केही महिना मात्रै हो ।

त्यसपछि चाडबाडको उत्सव मात्रै सकिने छैन, चुनाव पनि सकिनेछ । बाँकी अवधि भनेको फेरि पनि नागरिक आफ्नो नियमित कर्ममा फर्कनेछन् । अर्को चाड मनाउने अवसर आउन वर्षदिन कुर्नुपर्नेछ भने आमचुनावका लागि पाँच वर्ष नै पर्खनुपर्ने हुन्छ । त्यसैले सामुन्नेमा रहेको चाडबाड र चुनावको उत्सव यसपटक विशेष हुनेछ ।

सामाजिक एकताका निम्ति सांस्कृतिक चाडहरु विशेष मनाउन जरुरी छ भने राजनीतिक निर्णय लिन मतदानमा सचेतता अपनाउनुपर्नेछ । सांस्कृतिक चाडहरुमा अदृष्य र अप्रमाणित भाष्यहरुको साहरा लिइने गरिन्छ, श्रद्धा गरिनेछ । तर चुनावमा भने भौतिक प्रबन्धहरुको बढी महत्व छ । कानूनी व्यवस्थाका आधारमा नागरिकहरुले आफू मध्येबाट पाँच वर्ष सरकार बनाउने र चलाउने अख्तियारीको निर्णय लिनुपर्नेछ । त्यस मध्ये स्थानीय सरकार गएको वैशाख ३० गते चयन गरिसकेका छौं । त्यसबेला प्रकट मतको पुनरावलोकन आगामी पाँच वर्षपछि गरिने नै छ, तर आमचुनावबारे निर्णय लिने समय नजिकिदैछ ।

तसर्थ, आमनेपालीका लागि आउने केही महिना विशेष हुनेछ । विशेषको अर्थ सामान्य भन्ने होइन । असामान्य अवस्थाको प्रबन्धबारे विशेष चासो लिन आवश्यक छ । अर्कोतिर उत्सवलाई उत्सवकै रुप दिने भनेको एउटा विधिबाट हो । जसरी सांस्कृतिक चाडहरुको पूर्वनिर्धारित मान्यतामा आधारित विधि पूरा गरिन्छ, त्यसैगरी राजनीतिक निर्णय पनि संवैधानिक दायराभित्र रहेर गर्न जरुरी छ ।



# भुलभुलैयामा 'न्याय'लय



मुकुन्द लामिछाने

**दीपककुमार कार्की प्रधानन्यायाधीश हुन सक्छन् या सक्दैनन् ? भनेर समाज जसरी रुमल्लियो त्यसैगरी प्रधानन्यायाधीश चोलेन्द्रमाथिको महाअभियोग उपरको अध्ययन पनि प्रतिनिधिसभामा रुमल्लियो । जसरी जबरा उपरको महाअभियोग रुमल्लियो त्यसैगरी सर्वोच्च अदालतको न्याय निरूपण रुमल्लिन पुग्यो ।**

सर्वोच्च अदालतले कामु प्रधानन्यायाधीश दीपककुमार कार्की गत आइतबार बिदा भए । ६५ वर्ष उमेर हदका कारण १७ असोजमा कामु प्रधानन्यायाधीश कार्की सर्वोच्च अदालतबाट अवकाश पाउँदै थिए । केही दिन अगावै उनी बिदा भएका हुन् । बिदाइ कार्यक्रममा सहभागी एक भन्दै थिए, 'श्रीमानको प्रधानन्यायाधीश बन्ने सपना अधुरै रह्यो ।' अर्थात, कतिपयले कार्कीलाई प्रधानन्यायाधीश बन्नका लागि भूमिका खेलेको आरोप लगाउने गर्दछन् । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले त आफूलाई महाअभियोग लगाइनुको कारण कार्कीलाई प्रधानन्यायाधीश बनाउने खेल भएको बयान नै दिए । १५ भदौमा महाअभियोग सिफारिस समितिमा बयान दिँदा जबराले भनेका थिए, 'म पछाडिको व्यक्तिलाई तपाईंलाई प्रधानन्यायाधीश बनाइदिन्छु भनेपछि एउटा गुट तयार हुँदैन र ? यो त स्वभाविक हो नि । तपाईंले एक-डेड महिना भए पनि दीपककुमार कार्कीलाई प्रधानन्यायाधीश बनाउन सहयोग गरिदिनुस् भन्नुभयो, मैले अस्विकार गरे । अहिले प्रधानन्यायाधीशलाई एक्लो बनाएर न्यायपालिकालाई अघि बढाउन सकिन्छ भन्ने भ्रम दललाई भयो, बारलाई भयो । अनि न्यायाधीशहरुमा महत्वाकांक्षा जाग्यो । म भन्दा पछाडिकोलाई महत्वाकांक्षा दिएर मैले काम गर्दैन भन्ने पारेर आज यो स्थिति पैदा गरियो । दोस्रो पदाधिकारीलाई महत्वाकांक्षा दिएर यो काम गरियो ।' अर्थात, बिदाइ कार्यक्रममा सहभागीले भने जस्तै समाजमा कार्कीलाई कतिपयले प्रधानन्यायाधीशका रुपमा हेरेका थिए । तर, जसरी उनी प्रधानन्यायाधीश हुन सक्छन् या सक्दैनन् ? भनेर समाज रुमल्लियो त्यसैगरी प्रधानन्यायाधीश चोलेन्द्रमाथिको महाअभियोग उपरको अध्ययन पनि प्रतिनिधिसभामा रुमल्लियो । जसरी जबरा उपरको महाअभियोग रुमल्लियो त्यसैगरी सर्वोच्च अदालतको न्याय निरुपण पनि रुमल्लिन पुग्यो । सर्वोच्च अदालतबाट समयमै न्याय मिल्दैन भन्ने बग्रेल्ति उदाहरण यसबीचमा प्रस्तुत भएका छन् ।

५२ जना संवैधानिक पदाधिकारीको नियुक्तिविरुद्धको मुद्दा बलियो प्रमाण हो । ३० मंसिर २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको संवैधानिक परिषदले संवैधानिक पदाधिकारीहरुको सिफारिस गर्‍यो । त्यसपछि २०७८ जेठमा समेत गरेर ५२ संवैधानिक पदाधिकारीको सिफारिस संसदीय सुनुवाइ विना नियुक्ति भयो । नियुक्तिविरुद्ध परेको मुद्दा २१ महिनादेखि सर्वोच्च अदालतको संवैधानिक इजलासमा झुण्डिरहेको छ ।



## खिलराजदेखि राजनीति !

खिलराज रेग्मीलाई न्यायपालिकाको प्रमुख हुँदाहुँदै मन्त्रिपरिषद्को अध्यक्ष बनाउने राजनीतिक दलको निर्णयजस्ता अति राजनीतिक विषयले नेपालको सर्वोच्च अदालत विवादित हुँदै आएको छ ।

यसमा न्यायिक नेतृत्वको कमजोरी लगायत राजनीतिक नेतृत्वको स्वार्थपरक सोच, दृष्टिकोण र निर्णयका कारण न्यायपालिका यस्तो विवादमा परेको हो । राजनीतिक नेतृत्व दोषी त छँदैछ, यसलाई सुल्झाउने भन्दा बल्झाउने काममा सर्वोच्च अदालत क्रियाशील हुनु दुर्भाग्यको विषय हो ।

न्यायपालिकामा रहे/भएका विकृति र विसंगति, भ्रष्टाचारका सम्बन्धमा आम सेवाग्राही आन्दोलित हुनुपर्ने अवस्था बन्यो । सेवाग्राहीमैत्री अदालत छैन । चरम गैरजिम्मेवार र भ्रष्ट प्रवृत्ति हावी छ । मुद्दा मिलाउने विचौलिया निर्णायक छन् । न्यायाधीशहरु कहाँबाट कसरी पैसा आउँछ भनी मुद्दा हेर्ने, नहेर्ने आदेश वा फैसला के गर्ने भन्ने मनस्थिति बनाउँछन् भन्ने विषय स्वयं निलम्बित प्रधानन्यायाधीश जबराले प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिमा खुलाएका छन् । सोही महाअभियोग सिफारिस समितिमा पुगेर कानून व्यावसायीहरुले पनि भ्रष्टाचार मुद्दामा लेनदेन हुने कुरा गरेका छन् । गत भदौ ३० गते महाअभियोग सिफारिस समितिमा सहभागी वरिष्ठ अधिवक्ता शम्भु थापाले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा फैसला गर्दा पैसामा बिक्ने गरेको आरोप लगाए । थापाले रञ्जन कोइरालाको मुद्दाको विषयमा जबराले गरेको फैसला पैसाको चलखेल भएको उदाहरण भनी दाबी गरे । चोलेन्द्रको बयान र कानून व्यावसायीहरुको काउण्टरले पनि न्याय किनबेच हुन्छ भन्ने उजागर गरेको छ ।

अर्थात, यावत न्यायलयभित्रको प्रवृत्ति र न्याय मुर्तिहरुको कर्म र मानसिकता अनुमान लगाउन सकिन्छ । विशुद्ध न्यायिक प्रयास सफल हुँदैन तर मुद्दा मिलाउने बिचौलिया वा कानूनकर्मी भयो भने त्यसले सफलता प्राप्त गर्न सक्छ । यस्ता अनेकौं दृष्टान्तहरु छन् । मुद्दा मिलाउनेहरुको समूहसँग न्यायाधीशहरुको फरक खालको आत्मियता र निकटता हुन्छ । मिलाउन नचाहने, नसक्ने र नजान्नेहरुसँगको सम्बन्ध नमीठो र अमैत्रीपूर्ण देखिन्छ । कति त पचाउनै नसक्ने व्यवहार र अवस्था छ । अधिकांश निकायमा नियुक्ति भएका पात्र र प्रवृत्ति हेर्दा लाग्छ कि पदीय जिम्मेवारी नै ठूलो कुरा हो, कार्य सम्पादन र संस्थाको गरिमा तथा विश्वसनीयता गौण विषय हो भन्ने मानसिकता राखिएको देखिन्छ । आफू अपरिहार्य तत्व हो बाँकी कुरा हुँदा नहुँदा फरक पर्दैन । मैले पद वा जिम्मेवार प्राप्त गरेपश्चात् परिवर्तन गणतन्त्र वा लोकतन्त्र जे जे कुराको चाहना राखिएको हो त्यो पूर्ण हुन्छ भन्ने सोच राख्ने प्रवृत्ति तलदेखि माथिसम्म फस्टाएको छ । जुनसुकै क्षेत्रमा पनि यही मानसिकता राख्ने प्रवृत्तिले कब्जा जमाएको देखिन्छ । आफ्नो जिम्मेवारी र क्षमताप्रति कुनै वफादारिता छैन । अझ पैसा नै बुझाएर आएका व्यक्तिहरु त खुलेआम लुटकर्ममा लागेका छन् । त्यसलाई हर क्षेत्रमा राजनीतिक नेतृत्वले संरक्षण गरेको छ । न्यायिक क्षेत्रमा पनि त्यस्ता पात्र र प्रवृत्ति न्यायिक नेतृत्वको रोजाइमा निकट भएर कामकाजमा छन् भन्ने न्यायलयको न्याय कस्तो छ भन्ने प्रष्ट्याउँछ । न्यायमुर्तिहरुको प्रभावबाट माथिल्लो नेतृत्व अझ बढी निर्देशित रहन्छ भन्ने गुनासोले सर्वोच्च अदालतको विवादमा पनि स्थान पाएको छ । यस्ता अनेकौं समस्या र विकृतिबाट ग्रस्त भएको समग्र न्यायपालिकाको सुधार र शुद्धिकरण हालको आवश्यकता हो । यस्तो कोबाट के आशा राख्ने ? आ-आफ्नो स्वार्थ पूरा गर्ने हेतुले विरोध वा समर्थनमा निस्कन स्वभाविक वा जायज होला तर विवेकशील व्यक्तिलाई कहिकतै देखिएर उभिन उसको स्वाभिमानले स्वीकृति दिँदैन । सर्वोच्च अदालतको वर्तमान अवस्थाका पछाडि राजनीतिक नेतृत्वको पनि महत्वपूर्ण हात छ । स्वार्थको जोडकोड नमिल्दा केही नगर्ने राजनीतिक प्रवृतिले सात महिनादेखि सर्वोच्च अदालत प्रधानन्यायाधीश विहीन छ । यसकारण पनि न्यायलयमा समेत आफ्ना मानिस नियुक्त गरेर स्वार्थ पूरा गर्ने संकीर्णताबाट जकडिएको राजनीतिक नेतृत्व सच्याउन सक्नु नै महत्वपूर्ण चुनौती हो ।






# चुनावी एजेण्डामा नपरेको वैदेशिक रोजगार




मुलुक आगामी मंसिरमा ४ गते हुने संघीय तथा प्रादेशिक निर्वाचनको महाअभियानमा छ। रोजगारी तथा समृद्धिका विषय उठिरहेका छन्। वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार गत असार मसान्तसम्म ४९ लाख ९२ हजार ५ सय ७० जना नेपाली युवायुवती श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्। श्रम स्वीकृति नलिई जानेहरूको संख्या पनि सोही हाराहारीमा रहेको धेरैको विश्लेषण छ। पछिल्लो भदौ महिनामा मात्रै वैदेशिक रोजगारीमा गएकाको तथ्यांक केलाउने हो भने यस वर्ष थप ७ लाख नेपाली विदेशिने सम्भावना छ। नेपालमा परम्परागत खेती प्रणालीबाट जिविका नचलेपछि धेरैजसो बाध्यता र थोरै मात्र युवायुवती रहरले वैदेशिक रोजगारीमा गएका छन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई समाजमा स्थापित गर्न पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७५ जारी गरेको छ। पहिलोपटक वैदेशिक रोजगारीमा गएका युवायुवतीलाई पटकपटक वैदेशिक रोजगारमा जाने बाध्यताको अन्त्य गरी स्वदेशमा नै गरिखाने अवस्थाको सिर्जना गर्ने उद्देश्य राखेर ल्याइएको निर्देशिका कार्यान्वयनमा जान भने सकेको छैन। नेपालबाट वैदेशिक रोजगारमा जाने क्रममा तिव्रताका साथ वृद्धि भइरहेको अवस्थामा श्रम गन्तव्य मुलुकमा उत्पन्न हुने आन्तरिक समस्याले सिर्जना गर्ने आप्रवासी कामदारमाथिको दबाबले नेपाल जस्तो रेमिट्यान्समा निर्भर मुलुकहरु जोखिमको अवस्थामा छन्। त्यसैले वैदेशिक रोजगारबाट फर्केका नागरिकको पुनःस्थापनका लागि विशेष राष्ट्रिय कार्यक्रम ल्याउनुपर्ने अवस्थामा वैदेशिक रोजगार बोर्डमार्फत परम्परागत लघु कार्यक्रम ल्याइएको छ। जुन अत्यन्तै अपर्याप्त रहेको सरोकारवालाहरूको निष्कर्ष छ।

रोजगारी र अन्य अवसरहरूको खोजीमा एक ठाउँबाट अर्को ठाउँ वा कम विकसित मुलुकबाट विकसित मुलुकमा जाने क्रम वर्तमान विश्वमा सामान्य र स्वभाविक विषय मानिएको छ। आर्थिक अभाव वा जिविकोपार्जनका अवसर कम भएपछि राम्रो अवसरहरू प्रदान गर्ने देश र ठाउँमा जान रुचाउनु मानवीय स्वभाव पनि मानिन्छ। समाजमा मानिस आफ्नो उत्पादनशील क्षमताको पूर्ण विकास र आनन्दमय जीवनका लागि संघर्षरत छ। जीवनको गुणस्तर र विकास सम्भावनाको स्तरमा बढी सम्भावनाहरू खोजी गर्नुलाई अन्यथा भन्न पनि सकिँदैन।



रेशम राज पौडेल

> **वैदेशिक रोजगारबाट नेपाल लावान्वित भएको एउटा पाटो छ। करिब तीन दशकभन्दा लामो संस्थागत वैदेशिक रोजगारी पछि अहिले नेपाल गम्भीर मोडमा आइपुगेको छ।**

वैदेशिक रोजगारबाट नेपाल लावान्वित भएको एउटा पाटो छ। करिब तीन दशकभन्दा लामो संस्थागत वैदेशिक रोजगारी पछि अहिले नेपाल गम्भीर मोडमा आइपुगेको छ। तर त्यसका चुनौतीहरू माथि छलफल गर्ने प्रमुख राजनितीक दल तथा उनीहरूका भ्रातृ संगठन तयार छैनन्। मुलुकमा रहेको मुख्य समस्या बेरोजगारलाई कार्पेटभित्र राखेर विपक्षीलाई खुइल्याउने काममा प्रमुख दलहरूले आफूलाई केन्द्रित गरेका छन्। यसो गर्नु आफ्नै छोराछोरी र सन्तानको भविष्यमाथि खेलवाड हो। युवायुवती वैदेशिक रोजगारीमा जाँदा देशले रेमिट्यान्स पाइरहेको छ। त्यसले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाइरहेको छ। समाजमा केही परिवर्तन पनि देखिन्छ। तर श्रम गर्ने जनशक्तिको अभावमा तिनै युवायुवतीको खेतबारी बाँझो बनेको छ। सामान्य उपभोगका सामान पनि विदेशबाट महँगोमा खरिद गरेर दैनिकी चलाउनुपर्ने बाध्यता छ। आन्तरिक उत्पादन नहुँदा व्यापार घाटा बढेर थेग्न नसक्ने अवस्था उत्पन्न भएको छ।

'वैदेशिक रोजगारीबाट फर्केपछि यतिका वर्ष विदेशमा दुःख गरेर आएँ अब फेरि किन दुःख गर्ने' भन्ने मनोभावना बनाउने र श्रम गर्न अल्छी गर्न लाज मान्ने गरिएको छ। अर्थात देशमा श्रम संस्कृतिको अभाव छ। अझै पनि खेत जोत्ने ? भन्दै कृषि कर्म गर्नुलाई हिनताबोध गरेर भएको जग्गालाई टुक्रा पारेर घडेरीको रूपमा बेचेर सुकुम्बासी बन्ने वा सानो शहरमा बसाइ सार्ने प्रवृत्ति व्यापकरूपमा देखिन्छ। श्रम नगरी किनेर खाने बानीले आयात बढाएको छ। गाडीमा हाल्ने तेलदेखि भान्साको तरकारीसम्म सबै आयातित सामानले भरिएको छ। नेपालमा काम गर्ने जनशक्ति पनि विदेशबाट ल्याउनु पर्ने बाध्यता छ। वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्स फेरि रेमिट्यान्सकै रूपमा बाहिरिने गरिरहेको छ। मुलुकको कुनै कालखण्डको बाध्यताले सिर्जना गरेको वैदेशिक रोजगारी माथिको निर्भरतालाई परिवर्तन गर्नुपर्नेछ।

जलविद्युतको व्यापक उत्पादन गरेर स्वदेशमा रोजगारी र निर्यातको माध्यमबाट देशको अर्थतन्त्रलाई आत्मनिर्भरता तर्फ लैजानुपर्छ। कतिपयलाई यसो गर्नु तत्कालका लागि सम्भव छैन भन्ने लाग्न सक्छ। तर यसो गर्नुको बिकल्प छैन। अब पनि निरन्तररूपमा अदक्ष युवायुवतीलाई वैदेशिक रोजगारीमा पठाउने मात्र होइन, प्रत्येक वर्ष श्रम बजारमा आउने युवायुवतीलाई स्वदेशको रोजगारीमा कहाँ कसरी जोड्न सकिन्छ ? त्यसतर्फ पनि सबै राजनीतिक दलहरू सोच्नुपर्छ। उनीहरूका चुनावी घोषणापत्रमा देखाउन मात्रै नभएर कार्यान्वयनमा लैजाने गरी ठोस् कार्यक्रम आउनुपर्छ। युवायुवतीलाई निरन्तर बाहिर लैजाने पठाउने भन्दा यहीँको उत्पादन सम्बन्धमा जोड्ने काममा योजना बनाइयो भने त्यसले मुलुकको उत्पादन प्रणालीमा योगदान गर्छ। आन्तरिक रोजगारीको अवस्था बलियो बन्यो भने नेपाल विकास र उन्नतिको बाटोमा अघि बढ्न सक्छ, भावी पुस्ता वास्तविकरूपमा सुखी र सम्पन्न भई विश्व परिवेशमा राष्ट्रको प्रतिष्ठा बढ्न सक्छ।






# नेपाली फुटबल र अल्मुताइरी



दिवाकर अधिकारी

> अल्मुताइरीले नेपाली फुटबल टिमको मुख्य प्रशिक्षकमा नियुक्त भएपछि शुरुमै भनेका थिए, 'हाम्रो लक्ष्य साफ च्याम्पियनसिपको फाइनल' । सोहीअनुसार नै अल्मुताइरीको प्रशिक्षणमा नेपाल पहिलो पटक साफ च्याम्पियनसिपको फाइनलमा पुग्यो । तर उपाधि जित्न भने भारत तगारो बन्यो ।

'वान टिम, जय नेपाल', अब्दुल्लाह अल्मुताइरीले प्रयोग गरेको यो वाक्य यति चर्चित भयो कि खेलकुद क्षेत्रमा आफ्नो छुट्टै अस्तित्व नै बनाउन सफल भयो । नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वमुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले नेपाली टिमको जिम्मेवारी सम्हालेपछि उक्त वाक्य प्रयोग गरेका थिए । त्यसलाई नै पछ्याउँदै अहिले खेलकुदका अन्य विधामा पनि प्रयोग गर्ने गरिएको छ । वाक्यसँग नेपाली दर्शकका लोकप्रिय बनेका अल्मुताइरीले भने मुख्य प्रशिक्षक पदबाट राजीनामा दिइसकेका छन् । छोटो समयमै लोकप्रिय बन्न सफल भएका अल्मुताइरी छोटो समयमा नै जिम्मेवारीबाट अलग भए । कारण थियो अखिल नेपाल फुटबल संघ (एन्फा)सँगको टसल र खेलाडीसँगको विवाद ।

उनले पदबाट राजीनामा दिँदै गर्दा सामाजिक सञ्जालमा एक स्टाटस हाले । उनले स्टाटसमा आफुले नेपाली फुटबलमा ५२५ दिनको सेवा गरेको भन्दै उक्त समयलाई खुसी, माया, दुःख र पीडाको यात्राको रुपमा उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'नेपाली फुटबलमा ५२५ दिनको सेवापछि नेपाली राष्ट्रिय टोलीको प्रशिक्षकको रुपमा आफ्नो कार्यकाल समाप्त भएको घोषणा गर्दछु । खुसी, माया, दुःख र पीडाको यो यात्रामा मलाई साथ दिनुहुने सबैलाई धन्यवाद । वान टिम, जय नेपाल ।'

## विवादै विवाद

एन्फाले २०७७ चैत २२ गते अलमुताइरीलाई मुख्य प्रशिक्षक नियुक्त गरेको थियो । त्यसपछि नेपाली फुटबल टिमलाई केही सफलता त मिल्यो नै तर विवाद नै विवादकाबीच उनले जिम्मेवारी छाडे । तत्कालिन वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङविरुद्ध स्ट्याटस लेखेपछि अल्मुताइरी विवादमा तानिएका थिए । उनै नेम्वाङ पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पालाई निर्वाचनमा पराजित गर्दै हाल एन्फाको नेतृत्वमा पुगेका छन् । शेर्पा निकट मानिने अल्मुताइरी र नेम्वाङबीच पहिलेदेखि नै रहेको खटपट पनि अल्मुताइरीको बहिर्गमन एक कारण बन्यो ।

गत वर्षको साउन १० गते पनि अलमुताइरीले नेम्वाङको कारण खुलाउँदै राजीनामाको घोषणा गरेका थिए । तर पछि उनले राजीनामा फिर्ता लिँदै एन्फासँगको सम्झौता थप गरेका थिए ।

त्यस्तै जब अल्मुताइरी र खेलाडीबीच विवाद भयो तब नेपाली फुटबल क्षेत्रमा ठूलै बहस छेडियो । अलमुताइरीको कार्यशैलीमा असन्तुष्टि जनाउँदै गत बैशाख १३ गते प्रशिक्षणमा रहेका १० खेलाडीले बन्द प्रशिक्षण छाडेपछि उनी विवादमा तानिए । प्रशिक्षण छाडेका १० सिनियर खेलाडीहरु अनुशासनमा नबसेको भन्दै अल्मुताइरीले नयाँ खेलाडीहरूलाई मौका दिए । सोही टोलीले एएफसी एसियन कप छनोटका दोस्रो खेलहरु पनि खेलेको थियो ।



यो प्रकरणमा पनि अल्मुताइरीले दर्शकको साथ भने पाएका थिए । सामाजिक सञ्जालमा खेलाडीहरुको अनुशासनमा नै दर्शकहरुले प्रश्न उठाएका थिए । तर घटनाबारे छानबिन गर्न गठित समितिले भने खेलाडीसँगै प्रशिक्षकको पनि गल्ती देखाउँदै कतार फुटबल संघसँग समन्वय गरेर अलमुताइरीको बिकल्प खोज्न सुझाव दिएको थियो । यता एन्फामा पनि नयाँ नेतृत्व आएपछि भने अल्मुताइरीलाई झनै असहज परिस्थिति सिर्जना भयो ।

नेतृत्वमा आउने बित्तिकै एन्फा अध्यक्ष नेम्वाङ नेतृत्वको कार्यसमितिले राष्ट्रिय टिमका निकालिएका १० खेलाडीलाई राष्ट्रिय टिममा फिर्ता बोलाउने निर्णय गऱ्यो भने मुख्य प्रशिक्षकको सन्दर्भमा छानबिन प्रतिवेदन अनुसार आवश्यक काम कारबाही अघि बढाउन एन्फाका महासचिव किरण राईलाई जिम्मेवारी दिएको थियो । तर प्रक्रिया जहाँ पुगे पनि अल्मुताइरीले आफ्नो जिम्मेवारी छाड्ने निर्णय गरे ।

अल्मुताइरीले नेपाली फुटबलमा देखेको सपना


अल्मुताइरीले नेपाली फुटबल टिमको मुख्य प्रशिक्षकमा नियुक्त भएपछि शुरुमै भनेका थिए, 'हाम्रो लक्ष्य साफ च्याम्पियनसिपको फाइनल' । सोहीअनुसार नै अल्मुताइरीको प्रशिक्षणमा नेपाल पहिलो पटक साफ च्याम्पियनसिपको फाइनलमा पुग्यो । तर उपाधि जित्न भने भारत तगारो बन्यो । गत वर्षको असोजमा माल्दिभ्समा भएको साफ च्याम्पियनसिपको समूह चरणमा भारतसँग बराबरी खेलेको नेपाल फाइनल खेलमा भारतसँगै ३-० गोल अन्तरले पराजित हुँदै उपविजेतामा सीमित भयो । यद्यपि फाइनल पुग्ने नेपालको सपना पूरा भयो । सँगै पहिलो पटक फाइनल पुग्दै नेपालले इतिहास पनि रच्यो ।

## गोलको खडेरी तोड्न सफल

नेपाली खेलाडीहरुले आफ्ना ठूला प्रतिस्पर्धीहरुविरुद्ध गोलको खडेरी पनि अल्मुताइरीकै प्रशिक्षणमा तोड्न सफल भयो । यसअघि नेपालले जति नै राम्रो खेल प्रस्तुत गरेपनि फिनिसिङमा प्रायः सधैं चुक्ने गरेको थियो । अलमुताइरीको नेतृत्वमा नेपालले १७ अन्तर्राष्ट्रिय खेल खेल्यो । जसमा नेपालले ५ खेलमा जित, १० खेलमा हार र दुई खेलमा बराबरीको नतिजा निकाल्यो । उनको नेतृत्वमा नेपालले १७ खेलमा १४ गोल गर्दा ३६ गोल खाएको छ । १७ खेलमा १४ गोल पछिल्लो समयको नेपाली टिमको राम्रो रेकर्ड हो । जुन अल्मुताइरीकै प्रशिक्षणमा सफल भयो । अल्मुताइरीले धेरै नयाँ खेलाडीलाई पनि मौका दिए । जसका कारण भर्खरै करियर शुरु गरेका युवा खेलाडीहरुमा आत्मविश्वास बढाउन निकै मद्दत पुग्यो । अल्मुताइरीले आफ्नो कार्यकालमा १६ खेलाडीलाई राष्ट्रिय टिममा डेब्यू गराए ।

## चुलिएको चर्चा

अल्मुताइरीको कार्यकालमा नेपाली फुटबल क्षेत्र सधैं चर्चामा रहन सफल भयो । नेपाली फुटबलप्रति खस्कँदै गएको दर्शकको चासो अल्मुताइरीकै कारण पुनः फर्किएको थियो । त्यस्तै अल्मुताइरीले सुधारेको नेपाली फुटबल टिमको खेलले अन्तर्राष्ट्रिय जगतमा नेपालले केही उपलब्धि हासिल गर्ने आशा पलाएको थियो । यता एन्फा र खेलाडीसँगको बिबादले पनि दर्शकलाई नेपाली फुटबलसँग चासो बढेको थियो । फुटबलमा देखिने गरी सुधार ल्याउन सकेका अल्मुताइरी सबैलाई मिलाएर जान भने चुकेकै हुन् । सायद एन्फा र खेलाडी दुवैसँग सम्बन्ध सुमधुर बनाएर लान सकेको भए अहिलेको परिस्थिति नै अर्कै हुने थियो । न त अल्मुताइरीले प्रशिक्षकको पद नै छाड्नु पर्ने थियो न अल्मुताइरीको बहिर्गमनले नेपाली टिमको सुधारिएको खेल खस्किने त होइन भन्ने दर्शकमा प्रश्न नै उब्जने थियो । जे होस् विवादै विवादबीच पनि अल्मुताइरीले नेपाली फुटबल क्षेत्रलाई दिएको योगदान नेपाली दर्शकले सधैं याद गरिराख्ने छन् ।






उत्सवको अर्थ



# आत्मबोध : जीवन दर्शन





अच्युतप्रसाद पौडेल, चिन्तन

"अव्यक्त पारमात्माबाट ज्ञानको उदय भएको हो, ज्ञानबाट बुद्धि र बुद्धिबाट मन प्रकट भएकाले प्रकट भएकालाई नियन्त्रणमा राख्नु जरुरी छ ।"

आँखाले आफ्नो स्वरुप जान्दैन । छालाले आफ्नो स्पर्श जान्दैन । कानले आफूले श्रवण गर्न सक्दैन । अर्थात् यी सबैले आफूले आफूलाई देख्न सक्दैनन् । यी सबै साधन हुन्, देख्ने आत्मस्वरुप ज्ञान हो । विवेकी व्यक्तिले बुद्धि तत्वबाट आत्म स्वरुपको बोध गर्छ । बुद्धि दीपक हो जसलाई जलाएपछि आत्मबोध स्वयं हुन्छ । दूर रहेको ब्रह्म नजिकै प्राप्त हुन्छ । साक्षात्कार हुन्छ । मृग समात्न मृगकै सहारा, पक्षी समात्न पक्षीकै सहारा, हात्ती पक्रन हात्तीकै सहारा आवश्यक परे झैं ज्ञान स्वरुप आत्मा बुझ्न ज्ञान नै आवश्यक पर्छ । सर्पका खुट्टा सर्पले नै देख्छ भने झैं शरीरमा रहेको ज्ञेय आत्मा ज्ञानद्वारा नै देख्न सकिन्छ । जसरी स्वच्छ जलमा नेत्रको सहारा लिएर आफ्नो शरीर स्वरुप देख्न सकिन्छ ठिक त्यस्तै ज्ञानको सहाराले ज्ञेय रुप आत्मबोध हुन्छ । जल चंचल हुँदा भनौं स्थिर नहुँदा वा ऐना हल्लँदा आफ्नो अनुहार, स्वरुप देखिँदैन ठिक त्यस्तै इन्द्रियहरु चंचल हुन्जेलसम्म बुद्धिद्वारा आत्मबोध हुन सक्दैन । अज्ञानता भन्नु अविद्या हो, अविद्यामा मन राग आदि दोषमा पसिरहेको हुन्छ । मन दुषित हुँदा ५ ज्ञानेन्द्रियहरु पनि दुषित बन्न पुग्छन् । त्यसर्थ अज्ञानी मनुष्य विषय वासनाको कारण सदैव दुषित रहन्छ । इन्द्रिय तृप्त भएको अनुभूति गर्दैन । फल स्वरुप बारम्बार जन्म लिइरहन्छ । पापको कारण तृष्णाको कहिल्यै अन्त हुँदैन । जब जब पाप नष्ट हुन्छ तब तब तृष्णा समाप्ति हुन्छ । विषय संसर्गले, मनमा राग उत्पन्न हुनाले विपरीत साधन अवलम्बन गर्नाले परब्रह्म जीवदेखि टाढा रहेको अनुभूति हुन्छ ।

पाप कर्म क्षय भएपछि ज्ञानको ज्योति प्रकाशित हुन थाल्छ । दर्पण भनौं ऐना वा जल स्वच्छ भएपछि आफूले आफैंलाई देख्न सकिन्छ । फोहोर कुनामा आफ्नो दृश्य देखिन्न या फुटेको, चर्केको ऐनामा आफ्नो अनुहार राम्ररी प्रतिबिम्बित हुँदैन । विषय र इन्द्रिय चंचल हुन्जेल दुःख आफै वरिपरि घुमी रहन्छ । खोजेको वस्तु प्राप्ति नहुँदासम्म मन दुःखी भैरहन्छ । मन सुखी बनाउन विषयको चंचलतालाई हटाउनु पर्ने हुन्छ । आत्मबोधको लागि इन्द्रियरुपी चंचल पदार्थहरुलाई हटाउनु पर्ने हुन्छ । इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि श्रेष्ठ छ, बुद्धि भन्दा ज्ञान श्रेष्ठ छ, ज्ञान भन्दा आत्मा श्रेष्ठ छ, आत्मा भन्दा परमात्मा श्रेष्ठ छ । ज्ञानरुपी दीपक प्रज्वलित गरेर आत्मा र परमात्मासम्म प्राप्त गर्न सक्नु बुद्धिमानी हुन्छ । अव्यक्त पारमात्माबाट ज्ञानको उदय भएको हो, ज्ञानबाट बुद्धि र बुद्धिबाट मन प्रकट भएकाले प्रकट भएकालाई नियन्त्रणमा राख्नु जरुरी छ । मनले विषयलाई देख्छ अनि मन विषयतिर आकर्षित हुन्छ । विभिन्न इन्द्रियहरु यसका सहारा बन्न पुग्छन् । विविध विषय, पदार्थप्रतिको रागमा आत्मबोध हुन बाधा परिरहेको हुन्छ । विषय एवं पदार्थ प्रतिको मोहलाई त्याग्नाले अमृतत्व प्राप्त हुन सक्छ । सकाम कार्य गरुन्जेल व्यक्ति जन्म मृत्युको द्वारमा नै रहन्छ । राग रहित अवस्था वैराग हो । सुख, दुख कर्मको फल बाँकी रहुन्जेल अभय पद प्राप्त हुन सक्तैन । इन्द्रिय, विषयहरु प्रति ग्रहण नगर्दा यस प्रति राग त घट्छ तर आसक्ति चाहिँ कायमै रहन्छ । आसक्ति पनि छुट्नको लागि परब्रह्मको आत्मबोध हुनु जरुरी छ । आत्माको सन्निकटता परमात्मासँगको साक्षात्कारबाट आसक्तिको धागो चुँडिन्छ । मन निरहंकारी बन्दै आत्मामा जोडिन पुग्छ ब्रह्मत्व भनेको त्यही हो । अब परब्रह्मको चिन्तन हुन थाले पछि स्पर्श, श्रवण, रसना, दर्शन, प्राण सबैको संकल्प कम भएर रहित बन्न पुग्छन्, विशुद्ध बुद्धिको प्रयोग हुन थाल्छ । अर्थात् विषयहरु मनमा लय हुन थाल्छन्, मन गएर बुद्धिमा विलिन हुन पुग्छ, बुद्धि गएर ज्ञानमा समावेश हुन्छ, ज्ञान गएर आत्मा अनि आत्मा गएर परमात्मामा विलय हुन्छ । इन्द्रियले मनलाई जानेको हुँदैन, मनले बुद्धिलाई जानेको हुँदैन बुद्धिले अव्यक्त आत्मालाई जानेको हुँदैन । तर अव्यक्त आत्माले क्रमशः यी सबैलाई जानेको हुन्छ । वर्षाकालीन खहरे, खोल्सा, नदीहरु गएर समुद्रमा विलय भए झैं यी सबै तत्व गएर आत्मामा मिलन हुन्छन् ।

दुःखको चिन्तन गर्नाले दुःख बढ्छ । सुखको चिन्तन गर्नाले सुख बढ्छ । मानसिक दुःखलाई विचारले र शारीरिक दुःखलाई व्याधि चिकित्साले घटाउन सकिन्छ । विज्ञानको सामर्थ्य भनेको यही हो । आधिको रोग अभावको रोग मानसिक रोग हो । यौवन, रुप, शरीर, धन, आरोग्य, प्रिय मित्रसंगको समागम यी सबै कुरा चिरस्थायी होइनन् । विचारशील व्यक्तिले यी साधनहरुलाई साध्यको रुपमा प्रयोग गर्छ । मनुष्य जीवनमा सुखको अपेक्षा दुःख बढी छ । सुख चाहिँ क्षणभरको रुप र क्षणिक हाँसो समान मात्र छ । विषय प्रतिको रागले आत्मबोध प्रतिको अनुराग घटाउँछ । आर्जनमा दुःख छ, आर्जनवस्तुलाई संरक्षण गर्न दुःख छ । ध्यान योग र भक्ति मार्गबाट पदार्थ र पवर्ग प्रतिको चिन्तालाई घटाउनु नै आत्मबोध हुनु हो । मनको एकाग्रता नभएसम्म यो अवस्थामा पुग्न सकिन्न । मन ध्यानस्थ भएपछि नै निर्गुण परमात्मा तत्वको बोध हुन सजिलो हुन्छ । शास्त्राभ्यासबाट चित्त शुद्ध र शान्त पार्न सकिन्छ । विषय, कामनाबाट सकिन्न । बलेको आगोमा घिउ थपेर आगाको ज्वाला शान्त हुँदैन । परब्रह्म भित्रमात्रै होइन बाहिर पनि छ । बाहिर विशालतम् संसार भरि र भित्र सुक्ष्मतम भरि । समान भावले हेर्ने दृष्टिकोण विकास नभएसम्म ईश्वर कतै देखिँदैन भित्र न बाहिर नै । धर्मले श्रेय वृद्धि हुन्छ भने पापले अकल्याण ।

पृथ्वीभन्दा ठूलो जल छ, अर्थात् माटो भन्दा धेरै पानी छ । जलभन्दा ठूलो तेज छ । जललाई पनि सुकाउने तेज नै हो, तेज भन्दा ठूलो वायु छ । वायु भन्दा ठूलो आकाश छ, आकाश भन्दा पनि ठूलो मन छ, मन भन्दा ठूलो बुद्धि छ । बुद्धि भन्दा बलवान काल छ, काल चाहिँ भगवानको अधीन छ । भगवान सर्वव्यापी छ । जसबाट जीव र जगत्को लय र प्रलय हुन्छ । भगवानले सदा गरेर पनि कर्ता पक्षको अभिमान छैन । भगवानको आदि, मध्य र अन्त्य अवस्था पहिल्याउन सकिन्न । आदि, मध्य र अन्त्य नभएको अविनाशी अजय परमेश्वर हो । कालको अधीनबाट बच्न चाहने जीवले अव्यय परम पुरुष भगवानमा लीन हुने सार्थक प्रयत्न गर्नुपर्ने हुन्छ । संसारका रमाइला कुराहरु प्राप्त गर्ने प्रयास हुन्जेल परब्रह्मप्राप्त नहुन सक्छ । निर्विषय परमात्मा पाउन चाहनेले सानातिना रमरमिताका विषयवस्तुहरु प्रति मन लगाउनु हुँदैन । ध्यानद्वारा सुक्ष्म मनले आत्म तत्वको पहिचान गर्नु कल्याणकारी उपाय हो । ज्ञानद्वारा बुद्धि निर्मल पार्ने, बुद्धिद्वारा मनलाई सोधन गर्ने, मनले इन्द्रियलाई सोधन गर्ने गर्न सकेमा अव्यय परमात्मा बोध हुन थाल्छ । वास्तवमा परमात्मा नित्य, शुद्ध, सत्, चित र आनन्दमय हुनुहुन्छ जसले सबैको उत्पत्ति र लय प्रलय गराइरहेको हुन्छ ।









# अर्थतन्त्रमा सहकारीको योगदान


नन्दलाल खरेल

सहकारी क्षेत्रको विकासका लागि पर्याप्त बजेट र जनशक्तिको व्यवस्थापन गर्नु पर्दछ । सहकारी संस्थाको आन्तरिक लेखा प्रणालीलाई चुस्त र पारदर्शी बनाउनु पर्छ । सहकारी संस्थाहरू सहकारीको सिद्धान्त र मूल्य मान्यता बमोजिम सञ्चालित हुने हो भने कहिल्यै समस्या आउँदैन ।




सरकारको तीन खम्बे अर्थनीतिमध्ये सहकारी एउटा गतिलो खम्बा हो । तर यो खम्बा अहिले विभिन्न कारणले हल्लीन थालेको छ । सामान्य बुझाइमा सहकारी भनेको सहकार्य गर्ने संस्था हो । 'सबैको लागि एक एकको लागि सबै' अर्थात सदस्यहरु मिलिजुलीको वृहत्तर हितमा लाग्ने अवधारणा हो, सहकारी । तर आजकल सहकारी भनेको वस्तु र सेवाको नभई मुद्राको व्यापार गर्ने र सञ्चालकहरुले नाफा कमाउने थलोको रुपमा परिणत भएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए)ले सन् १९९५ मा गरेको परिभाषा अनुसार 'सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवस्थामार्फत आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरु परिपूर्ति गर्न स्वेच्छिकरुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन हो ।'

यो परिभाषालाई मूर्त रुप दिन सहकारीका ६ वटा आधारमूल्य र ४ वटा नैतिक मूल्य छन् । त्यसैगरी ७ वटा सिद्धान्त छन् । विश्वव्यापीरुपमा स्थापित यिनै मूल्य र सिद्धान्तका आधारमा सहकारी सञ्चालन हुनुपर्छ र हुन्छन् । मुलुकमा ३५ हजार हाराहारीमा सहकारी रहेको तथ्यांक छ । त्यसमध्ये पनि आधा भन्दा बढी बचत तथा ऋण सहकारी छन् । सर्वसाधारण जनतामा छरिएर रहेको स-सानो पुँजी संकलन गर्दै त्यसबाट उनीहरुकै उत्थान हित र सवलीकरणका निम्ति परिचालित गर्ने पवित्र सोचका साथ सहकारीको अवधारणा बिकास भएको हो । तर त्यो अवधारणमा क्रमशः ह्रास आउदै गर्न थालेको छ ।

राष्ट्रिय अर्थतन्त्रको एकमुख्य हिस्साका रुपमा राज्यले सहकारीलाई स्वीकारेको छ । न्यून आय भएका र गरिबीको रेखामुनि रहेका आम नागरिकको जीवनमा आर्थिक रुपान्तरण ल्याउनका निम्ति सहकारीको भूमिका असाध्यै महत्वपूर्ण हुने गर्दछ । सहकारीको क्षेत्रमा पूँजी कारोबारमा झण्डै १० खर्ब जति छ । यसले मुलुकको वित्तीय क्षेत्रमा ६ प्रतिशतको हाराहारीमा योगदान दिएको छ । हाम्रो छिमेकी मुलुक बङ्गलादेशमा सहकारीमार्फत पचासौं लाख गरिब जनताको जीवनमा गुणात्मक परिवर्तन हुन पुग्यो । नेपालभन्दा बिल्कुल पृथक सहकारीको अवधारणा नीति र कार्यक्रम मार्फत सहकारीको अभ्यास गरेको कारण सफलताको उचाई प्राप्त गर्न बंगलादेशको सहकारी अभियान सफल भएको दृष्टान्त हाम्रा निम्ति सिकाइ बन्न सक्छन् । हामीकहां भने बिल्कुल नाफामुखी प्रयोजनका निम्ति सहकारी सञ्चालनमा भए । यो ज्यादै दुःखको कुरा हो ।

आमसर्वसाधारणले हाड र छाला घोटीघोटी कमाएको सुका सुका जम्मा गरेको रकम ठगेर सहकारी सञ्चालकहरु दिनप्रतिदिन भाग्ने गरेको समाचारको बाढी नै आएको छ । सहकारी विभागमा आर्थिक वर्ष २०७८/०७९ मा सहकारीका विरुद्ध तीन सयभन्दा बढी उजुरी परेका छन् । सहकारी संस्थाको दर्ता र अनुगमनको अधिकार हाम्रो संविधानले स्थानीय सरकारलाई दिएको छ । स्थानीय निकायका पदाधिकारीहरुले करौडौं र अर्बौंका कारोबार गर्ने सहकारीको कारोबार हेर्ने, अनुगमन गर्ने र तीनलाई लगाम कस्ने हुती राख्दैनन् । कतिपय सहकारी प्रदेशमातहात पनि छन् । तर प्रदेशले पनि वित्तीय कारोबारको नियमन गर्न सक्ने संयन्त्र बनाउने ल्याकत राखेका छैनन् ।

देशभर खुलेका कतिपय सहकारी संस्थाका कारणले निक्षेपकर्ताहरुको ठूलो रकम डुबेको छ । खासमा अधिकांश सहकारीले सही उद्देश्य राखेर उपयुक्त कार्यक्षेत्रमा कार्य गर्दैनन् । जथाभावी लगानी गर्छन् । जोखिमपूर्ण लगानी र कार्यक्षेत्र बाहिरको लागनीकै कारण थुप्रै सहकारी डुबेका छन् । नेपालमा अधिकार प्राप्त नेपाल राष्ट्रिय सहकारी महासंघ, सहकारी मन्त्रालय, सहकारी विभाग, नेपाल सहकारी बोर्डजस्ता अधिकारप्राप्त निकायहरु भएपनि यिनीहरुको नालयकीपन र कमिशनको गोल चक्करले निक्षेपकर्ताहरुको अर्बौं रकम डुब्ने गरेको छ । आखिर किन आकर्षित हुन्छन् त सर्वसाधारण, खासगरी सहकारी संस्थाहरुमा ब्याज धेरै पाउने लोभले गर्दा 'लोभले लाभ लाभले विलाप' हुन्छन् ।

आजकल दिनहुं जसो अखबारका पानाहरुमा सहकारी संस्थाहरु समस्यामा पर्न थालेका समाचारहरुको बाढी छ । यस्ता समाचारहरुले सामान्य लयमा चलिरहेका सहकारीबाट पनि पैसा झिक्न थालेको छ । उनीहरुका सदस्यले पैसा झिक्न थालेपछि त्यसको असर बैंक तथा वित्तीय संस्थामा पर्न थालेको छ । सहकारी संस्थाहरुको आफ्नो भल्टमा पैसा राख्दैनन् । उनीहरुले सदस्यसँग उठाएको निक्षेप बैंक तथा वित्तीय संस्थाहरमा रहेको आफ्नो खातामा राख्छन् । सहकारीका निक्षेपकर्ताहरु पैसा माग्न थालेपछि उनीहरुले बैंकबाट झिकेर भुक्तानी गर्नु पर्ने हुन्छ । फलस्वरुप अहिले बैंकको निक्षेप घट्न थालेको छ । राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार वाणिज्य बैंकहरुको निक्षेप साउनयता १ खर्ब ११ अर्ब रुपैयाँले घटेको छ । निक्षेप घट्नुमा प्रमुख कारण यही हो भन्ने बुझाई राष्ट्र बैंकको छ ।

नेपालमा प्रायःजसो सहकारीहरुको आवश्यकता ग्रामीण क्षेत्रमा पर्दछ । तर ठिक उल्टो ग्रामीण बस्तीहरुमा भन्दा बढी आर्थिक गतिशीलता हुने सहरी क्षेत्रहरुमा मात्रै सहकारी केन्द्रित गरेका छन् । त्यस्तै बचत तथा ऋण मात्रै सहकारी हो भन्ने संकुचित धारणा विकास हुनु र चर्को ब्याजदरमा ऋणको प्रवाह गर्ने कार्यहरु सहकारीहरु केन्द्रित छन् । जुन दुर्भाग्यपूर्ण छ । अधिकतम रोजगारीको सिर्जना हुने कृषि सहकारीमा ध्यान नजानुले पनि सहकारीमा समस्या आएको हो ।

वि.सं. २०१३ सालबाट प्रारम्भ भएको सहकारी पद्धतिले यस अवधिमा थुप्रै आरोह अवरोह पार गरिसकेको छ । संविधानले समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणको लक्ष्य पुरा गर्न सहकारीलाई एउटा महत्वपूर्ण माध्यमका रुपमा लिएको छ । सहकारी अभियानले समाजमा पूंजी निर्माण रोजगारी सिर्जना, बचत र ऋणमा सामान्य मानिसको सहज पहुँच, महिला सशक्तिकरणमा योगदान, सामाजिक विभेदमा कमी, नेतृत्व विकासमा योगदान जस्ता अनेकन सकारात्मक काम गरिरहेको भए पनि कहिलेकाहीं सहकारी संस्था बन्द भएको, सदस्यले बचत गरेको रकम फिर्ता गर्न नसकेको जस्ता समाचारले सहकारीप्रति नकारात्मक धारणा पैदा हुने गर्दछ । यसप्रति राज्य सहकारी सञ्चालक तथा सदस्यहरु सचेत रहुन पर्दछ । नेपालमा सहकारी क्षेत्रहरु समस्याहरुलाई दृष्टिगत गर्दा यस क्षेत्रको छुट्टै दीर्घकालीन योजना नहुनु, सहकारीहरुमा नियम कार्यान्वयन तथा व्यवसायिक क्षमतामा कमि देखिनु, सहकारी संस्थाहरुको व्यवस्थापकीय ज्ञान र क्षमताको सुदृढिकरण हुन नसक्नु, सहकारी ऐन र नियमको समय सापेक्ष सुधार परिमार्जन नहुनु, सहकारीमा परिवारवाद हावी हुनु प्रमुखरुपमा रहेका छन् ।

अन्त्यमा सहकारी आफैमा नराम्रो होइन राज्यको नीति नियम सञ्चालकको कार्यशैलीको कारण बेला बेलामा समस्या आउने गर्दछ । खासमा सहकारीलाई वित्तीय कारोबार भन्दा उत्पादनको क्षेत्रमा लगाउने हो भने यो समस्या आउँदैन । आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि स-सानो पुँजी संलग्न र उत्पादनको क्षेत्रमा लगानीका लागि सहकारीलाई उपयोग नगरेसम्म यस्ता बेथिति आइरहन्छ । सहकारी क्षेत्रको विकासका लागि पर्याप्त बजेट र जनशक्तिको व्यवस्थापन गर्नु पर्दछ । सहकारी संस्थाको आन्तरिक लेखा प्रणालीलाई चुस्त र पारदर्शी बनाउनु पर्छ । सहकारी संस्थाहरु सहकारीको सिद्धान्त र मूल्य मान्यता बमोजिम सञ्चालित हुने हो भने कहिल्यै समस्या आउँदैन ।

*(खरेल अर्थराजनीतिक विश्लेषक हुन् ।)*






# आर.बी.ए. जबरजस्त तर असन्तुलित तराजु





श्याम नारायण मानन्धर

> नेपाल सरकार र मलेसिया सरकारबीच सन् २०१८ अक्टोबरमा भएको समझदारीका आधारलाई पनि यो देशमा रोजगारीमा जाने आकांक्षीहरुमा थप उर्जा मिलेको हो ।

RBA (Responsible Business Alliance) हरेक पेशा वा व्यवसायमा, व्यवसायसँगै त्यसमा केही अंश सामाजिक उत्तरदायित्व भन्ने रहनु-हुनु पर्दछ । व्यवहारिक आँखाबाट व्यावसायिक पक्षलाई हेर्दा सबै व्यवसाय नाफामुलक हो भन्ने निर्विवाद परिचय हो, यद्यपि सबै व्यवसायीहरुले समाज, राज्य र नागरिकप्रतिको सामाजिक उत्तरदायित्वलाई गौण ठानी दिंदा तिनै व्यवसायप्रतिको विश्वासनियतामा खाडल छ भन्नेमा सन्देह छैन । अधिकांश देशहरुमा राज्यले निर्माण गर्ने नीति नियम र योजनाहरुका कार्यन्वयन पक्ष अत्यन्त प्राथमिकतापूर्वक महत्वपूर्ण स्थानमा राख्दछन् । तर नेपालका नीति-नियमहरु फगत कागजी खोष्टा हुन भन्ने प्रमाणित सत्य देशको मूल कानून संविधानलाई त जलाउने नागरिकहरुले अन्य कानून तथा नियमहरु भने गौणरुपमा लिएको देखिन्छ ।

वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुमा अधिकांशको रोजाई मलेसिया रहेको छ । नेपाल सरकार र मलेसिया सरकारबीच सन् २०१८ अक्टोबरमा भएको समझदारीका आधारलाई पनि यो देशमा रोजगारीमा जाने आकांक्षीहरुमा थप उर्जा मिलेको हो । तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले नेपाली कामदारहरुका लागि मलेसियाको रोजगारी रोक्का गरेका थिए । यसरी रोकिनुमा भित्री लुकेका तथ्य र सत्य जे भए पनि म्यानपावर कम्पनीहरुबाट कामदारहरुमा अत्यधिक आर्थिक शोषण गरेको यो क्षेत्रमा अस्वस्थ बजार प्रतिस्पर्धा हावी रहेको भन्ने नै हो । करिब ४ वर्षमा नयाँ कामदारहरुको गन्तव्य शून्य अवस्थामा थियो । कोभिड-१९ को सहजतासँगै गत वर्षबाट नेपाली कामदारहरुलाई मलेसियामा रोजगारीमा जान श्रम स्वीकृति प्रदान गरिएको थियो । नेपाल र मलेसियाबीच १७ वर्षदेखि श्रम सम्बन्ध रहे पनि श्रम सम्झौता हुन सकेको थिएन । करिब ४७ लाख नेपाली युवाहरु श्रम स्वीकृति लिएर मलेसिया रोजगारीमा गएका छन् । प्रतिशतका हिसाबमा करिब ३० प्रतिशत वैदेशिक रोजगारीमा जाने युवाहरुको छनोटमा मलेसिया श्रम गन्तव्य मुलुक पर्दछ ।

तत्कालीन श्रम सम्झौतालाई कडाईका साथ कार्यान्वयन गर्न मलेसियन प्रतिनिधिमण्डलसँग श्रम आपूर्तिका लागी 'जिटुजी' गर्ने भन्ने सम्झौता भए पनि हालसम्म नेपाल सरकारले कार्यान्वयनमा ल्याउन सकेको छैन । अर्थात सरकारको तवरबाट कुनै पनि नेपालीहरु आजका दिनसम्म 'जिटुजी'मार्फत मलेसिया रोजगारीमा गएका छैनन् । मलेसियाभित्रै नेपाली कामदारहरुलाई आपूर्ति गर्न धेरै दलालहरुको चलखेल र सक्रियता रहेको पाइन्छ । यस्तै अस्वस्थ प्रतिस्पर्धाले पनि आजसम्म केही अपवादबाहेक अधिकांश कामदारहरु शुन्य लागतमा मलेसिया रोजगारीमा जान पाएका छैनन् ।

अबका दिनमा निःशुल्करुपमा नेपाली कामदारहरु मलेसिया रोजगारीमा जान नेपाल सरकारले गरेको कानूनी व्यवस्था त छ नै, सो को अतिरिक्त त्यहाँको सरकारको श्रम विभागले नेपालका श्रम आपूर्ति गर्ने म्यानपावर कम्पनीहरुलाई आरबीएमा सूचीकृत भई कामदार आपूर्ति गराउन आह्वान गरे अनुसार इलेक्ट्रिकल, फर्निचर, उत्पादन तथा सेवा क्षेत्रका मलेसियाका प्रतिष्ठित कम्पनीहरुले नेपाली कामदारहरुलाई रोजगारीको अवसर दिलाउँदा नेपालमा कुनै पनि शुल्क तिर्नु नपर्ने, कामदार आपूर्तिका लागी हुने सम्पूर्ण खर्च (राहदानी बनाउँदादेखि मलेसिया प्रवेशसम्म) कम्पनीले नै व्यहोर्ने, सेवा शुल्क सम्बन्धित म्यानपावर कम्पनीलाई सम्झौता बमोजिम उपलब्ध गराउने प्रतिबद्धतासहित केही म्यानपावर कम्पनीहरुलाई कामदार आपूर्ति गर्न छनोट गरेर मागपत्र दिएका छन् । सोहीका आधारमा विज्ञापनसहितको श्रम आपूर्ति प्रक्रिया भइरहेको छ । जसका आधारमा शुन्य लागतमा कामदारहरु वैदेशिक रोजगारमा पनि गएका पाइन्छ । तर पनि कामदारहरुका ओसिला आँखा, भारी मन, पेटभरी गुनासा छरपष्ट छन्, शुन्य लागत भनिए पनि अप्रत्यक्ष ढंगले कामदारहरु ठगिएका भेटिन्छन् कारण 'नखाउँ भने दिनभरीको शिकार, खाँउ त भने कान्छा बाउको अनुहार' । प्रत्यक्षरुपमा अन्तर्वार्तामा सहभागी भएर त्यस्ता कम्पनीहरुमा रोजगारीमा जाने अवसर न्यून छ, कारण मध्यस्तकर्ताहरुको सम्पर्क बाहिरकाहरु प्रत्याशीहरुलाई निषेध जस्तै हुन्छ यो भुक्तभोगीहरुका गुनासा हो ।

## फरक धार

आरबीए (व्यापारिक साझेदारी गठबन्धनमा जिम्मेवारिता) जसले विश्वव्यापीरुपमा स्थिरताको विकासको अपेक्षा राख्दछ । नेपालका श्रम आपूर्ति गर्ने म्यानपावर कम्पनीहरुले पनि सातौं संस्करणको आरबीए अन्तर्गतको आचारसंहितालाई आत्मसाथसहित अनुकरण र कार्यान्वयन गरेको हुनुपर्ने अर्थात आन्तरिक श्रम अधिकारमा प्रतिबद्ध रहनु पर्ने भन्ने मुख्य शर्त हो र छ । यस्ता सहकार्य र साझेदारीमा आबद्ध भएका म्यानपावर कम्पनीहरुमा आरबीए अडिट भइरहन्छ । म्यानपावर कम्पनीका कर्मचारीहरुको श्रम अधिकार र आर्थिक सुरक्षा तथा सुविधामा कुनै कन्जुस्याई नगरिएको र आपूर्ति गरिएका कामदारहरुमा सेवा पछिको रोजगारीको सुरक्षा, सुविधा, सम्बन्ध र नियमित सम्पर्क तथा अनुगमनमा इमान्दारिता देखाउनु पर्ने देखिन्छ ।

आरबीए अडिटका अन्तरनिहित ५ निशर्त प्रावधानहरु छन् । जसमा १, २ र ३ ले श्रम, स्वास्थ्य र सुरक्षा, ४ ले व्यासायिक आचार नीति र ५ ले उल्लेखित सबै पक्षहरुको सफल कार्यान्वयनमा जोड दिएको छ । व्यवसाय र सफलता सँगसँगै श्रमिकहरुको आधारभुत सेवा र सुविधामा बरिलो अडान आरबीएको छ । श्रमिक तथा कर्मचारीहरुको भर्ना प्रक्रिया, पेशागत सुरक्षा, स्वास्थ्य सुविधा, मानवीय व्यवहार, विभेद, पेशागत स्वतन्त्रता, वातावरणीय जोखिम र सुधार, सेवा सुविधामा राज्य र श्रम ऐनले तय गरेका मापदण्ड र भर्ना पश्चात निजको अवकाससम्मका हरेक अधिकारका पक्षमा खुलेर लागेको छ आरबीए ।

उल्लेखित सबै पक्षलाई नियमित अनुगमन तोकिएको मापदण्ड र तिनको साँचो अर्थमा कार्यान्वयन पक्षका आधारमा आरबीए अडिटले गरेको सूचीकृत विवरण र सोही विवरणमा उल्लेखित स्व-घोषणाका आधारमा मलेसियास्थित कम्पनीहरुले सम्बन्धित म्यानपावर कम्पनीहरुको खोज र छनोट गरी मागपत्र प्रक्रिया अनुसार उपलब्ध गराउने गर्छ । त्यस्ता म्यानपावरहरुको हरेक कार्य शैली, आर्थिक गतिविधि सुक्ष्म अध्यायन भइरहने र त्यहाँबाट आपूर्ति गरिएका कामदारहरुसँग प्रत्यक्ष सात्क्षात्कार गरिएको आधारमा व्यावसायिक साझेदारीको निरन्तरता हुने गर्दछ ।

म्यानपावर व्यवसायीहरुमा नैतिक दिवालियापन अर्थात कम्पनी सूचीकरणमा बदमासी देखिए वा आरबीएसँग कुनै आर्थिक लेनदेन वा अनुचित प्रलोभन वा सम्बन्धका कारण अनुगमन नगरिए बजारमा किन्न पाइने व्यवस्थापन गुणस्तर (ISO Certification) व्यावसायिक प्रमाणपत्रहरु जस्तै यो आरबीएको निरन्तरतामा अनुगमन, मुल्यांकन र प्रमाणीकरण भए वैदेशिक रोजगार व्यवसाय र पेशामा विश्वासको खडेरी छैन रहेछ भन्ने हुन्छ । अन्यथा फगत शुन्य लागतमा मलेसियाको मागपत्र लिएर बजार हल्ला जस्तै लाखौंको आर्थिक चलखेल हो भने वैदेशिक रोजगारले गुमेको शाख अनन्तसम्म गुमाउने देखिन्छ ।

कालो मन, व्यावसायिक धुर्तता, नैतिक पतन, मानवीयताको खडेरी, अहंकार तथा छुद्र व्यवहारको पगरीलाई यदि सत्यको तराजुमा तौलने हो भने त्यहाँ इमान, इज्जत र प्रतिष्ठाको सधैं हार हुने निश्चित छ । यसर्थ अब यसरी बुझ्न पनि सकिन्छ, आरबीए सूचीकृत म्यानपावर व्यवसाय गरेका प्राय संस्थाहरुको नैतिक र व्यवहारिक इमान्दारिता स्वभाविकरुपमा शंकाको घेरामा छ ।

हार्दिक शुभकामना
नेपालीहरूको महान चाड
बडा दशैं, शुभ-दिपावली तथा छठ पर्व २०७९
को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति,
समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कैलाश खड्का
अध्यक्ष तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार
ओमनगर, सिनामंगल, काठमाडौं, फोन: ४१११०२१, ४१११०९२

बडा दशैं
नेपालीहरूको महान् चाड बडा दशैं २०७९
को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति,
समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
विष्णु कुमार श्रेष्ठ
अध्यक्ष तथा
DYNAMIC STAFFING
डाइनामिक स्टाफिङ शोलुशन नेपाल प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, फोन: ०१-४३५७८३८, ०१-४३९९५१८

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडा दशैं २०७९
को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति,
समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
एम एस काप्री
प्रबन्ध निर्देशक तथा
लक्की एच. आर. शोलुसन प्रा. लि.
परिवार
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४

# चलचित्र क्षेत्रका लागि गौरवको क्षण

दर्शकको फिल्मप्रतिको क्रेज देखेरै केही हल सञ्चालकहरुले रातभर चलचित्र प्रदर्शन गरे । केजीएफ २ हेर्न दर्शकहरु राति १ बजेसम्म सिनेमा हल पुगेको रेकर्ड यस चलचित्रले राख्यो ।



अञ्जना कोइराला

'प्रेमगीत ३'ले नेपाली चलचित्र क्षेत्रलाई विस्तार गर्ने एक गतिलो मार्ग बनाइदिएको छ । जुन मार्गमा अन्य नेपाली चलचित्र लागे अवश्य पनि सानो बजारबाट ठूलो बजारमा लम्किन गाह्रो छैन नेपाली सिने जगतलाई ।

भारतीय चलचित्र प्राय: सधैं नेपाली चलचित्र निर्माताहरुको मनमा लागिरहने एक 'डर' हो । जब सिनेमा हलमा भारतीय चलचित्रसँग टक्कर गर्नुपर्ने हुन्छ नेपाली चलचित्रले दर्शकको साथ नै पाउँदैन । सानो बजार त्यसमाथि थोरै बजेटमा निर्माण भएका नेपाली चलचित्रलाई ठूला बजेटमा निर्माण भएका भारतीय चलचित्रले पानी पनि भन्न दिँदैनन् । विश्वमै आफ्नो अस्तित्व कायम गर्न सफल भइसकेको भारतीय चलचित्रको अगाडि नेपाली चलचित्र प्राय: निरिह नै हुन्छ । तर केही नेपाली चलचत्रिहरुले भने यस 'डर'लाई चिर्दै भारतीय चलचित्रसँग टक्कर गरेरै राम्रो दर्शक पनि पाएका छन् । नेपालमै नेपाली चलचित्र भन्दा भारतीय चलचित्रले बजार पाउँदै गर्दा कुन निर्मातालाई चाहिँ नलाग्ला त्यो 'डर' ।

पछिल्लो समय दक्षिण भारतीय चलचित्र 'केजीएफ २'ले नेपालमा तहल्का नै पिट्यो । दर्शकको फिल्मप्रतिको क्रेज देखेरै केही हल सञ्चालकहरुले रातभर चलचित्र प्रदर्शन गरे । केजीएफ २ हेर्न दर्शकहरु राति १ बजेसम्म सिनेमा हल पुगेको रेकर्ड यस चलचित्रले राख्यो । तर के अहिलेसम्म नेपाली चलचित्र हेर्नका लागि नेपाली दर्शक यतिसम्म लालायित भएका थिए त ? पक्कै पनि अहिलेसम्म कुनै चलचित्रले यस किसिमले दर्शक तान्ने सौभाग्य पाएको छैन । हुन त 'केजीएफ २' पछि चलेको नेपाली चलचित्र 'कबड्डी ४'ले नेपाली बक्स अफिसमा धेरै कमाउने चलचित्रको रेकर्ड नै बनायो । नेपालको कमाइमा यसले 'केजीएफ २'लाई पनि पछार्न भ्यायो । तर 'केजीएफ २'को जस्तो राति चलचित्र हेर्न जाने दर्शकको क्रेज भने पाउन सकेन । यद्यपि नेपालमा भएको कमाइमा भने 'कबड्डी ४' शीर्ष स्थानमै रह्यो ।

सानो बजार भएका कारण खुम्चिएर बस्न बाध्य भएको नेपाली चलचित्र क्षेत्र पछिल्लो समय भने केही विस्तारित हुँदै गएको छ । नेपाली चलचित्रका विदेश राइट्स पनि पहिले भन्दा अहिले केही बढी बिक्री हुने गरेका छन् । यो नेपाली चलचित्र क्षेत्रका लागि एक खुसीको कुरा हो । अझ गत असोज ७ गतेबाट नेपालसहित विश्वव्यापीरुपमा एकसाथ प्रदर्शनमा आएको चलचित्र 'प्रेमगीत ३'ले नेपाली चलचित्र क्षेत्रलाई नै माथि उठाउने कार्य गरेको छ । सन्तोष सेनले निर्माण गरेको अभिनेता प्रदीप खड्का अभिनित यस चलचित्र हिन्दीमा डब गरेर विश्वव्यापीरुपमा प्रदर्शन गरिएको छ । यसलाई नेपाली चलचित्र क्षेत्र विस्तारका लागि ठूलो फड्को मान्न सकिन्छ । साथै जसले निर्माण गरेपनि जसले अभिनय गरेपनि सम्पूर्ण नेपाली सिने जगत मात्र नभएर पूरै देशवासीका लागि यो गौरवको क्षण मान्न सकिन्छ ।

भारतको चलचित्र नगरी मुम्बईमा नेपाली चलचित्र हिन्दी डब भएर प्रदर्शन हुनु सामान्य विषय भने होइन ।



त्यसमाथि भारतीय सिनेमासँग प्रतिस्पर्धा गर्दै उनीहरुकै शहरमा चलचित्रको व्यापार राम्रो हुनु भन्नै सामान्य विषय मान्न सकिँदैन । यसले के बुझ्न सकिन्छ भने अरु देशको तुलनामा थोरै लगानी भए पनि नेपाली चलचित्र उत्कृष्ट बन्ने गरेको छ । तर अवसर नपाउँदा कति हकदार चलचित्रहरु गुमनाम हुन बाध्य छन् । 'प्रेमगीत ३'ले भारतको बजारमा पनि नेपाली चलचित्र चलाउन सकिन्छ र बाटो खुला छ है भनेर सन्देश दिएको छ । अब यसको लाभ क-कसले लिन सक्लान् त्यो त चलचित्र निर्माण टिममा नै भर पर्ने कुरा हो ।

## बेतुकको विवाद

'प्रेमगीत ३' रिलिज हुन लाग्दै गर्दा हिन्दी डबलाई लिएर सिने जगतमा ठूलै विवाद उत्पन्न भएको थियो । चलचित्र विकास बोर्डले हिन्दी डबलाई विदेशी चलचित्रसरह व्यवहार गर्ने बताएपछि चलचित्रकर्मीहरु दुई कित्तामा विभाजित भएका थिए । चलचित्र नेपाली नै हो डब मात्र हिन्दी गरिएको हो भन्दै 'प्रेमगीत ३' निर्माण पक्षले बताए पनि बोर्डले स्वदेशी चलचित्रको हसियतमा सेन्सर पास गर्न मानेन । त्यसपछि चलचित्रकर्मीहरुबीच नै आरोप प्रत्यारोप शुरु भयो । चलचित्र निर्माता संघ पनि बोर्डकै पक्षमा लागेपछि विवाद झनै चर्कंदै गएको थियो । तर सामान्य हिसाबमा बुझ्दा पनि 'प्रेमगीत ३' नेपाली चलचित्र हो र यसको हिन्दी डब गरिएको हो । के हिन्दीमा डब गर्ने बित्तिकै चलिचत्र बनाउने निर्माता, निर्देशक, अभिनय गर्ने सम्पूर्ण कलाकार विदेशी भए ? अनि त्यो चलचित्रले कमाउने नाफा विदेशिने हो ? कि त्यो चलचित्रले तिर्ने कर पनि विदेशकै सरकारलाई तिर्ने हो ? यस्तो सामान्य विषयमा पनि चलचित्र विकास बोर्ड अज्ञान ? कस्तो नेतृत्वकर्ता पाएछ चलचित्र क्षेत्रले ? भन्ने गम्भीर प्रश्न उब्जिएको छ । यसको पुष्टि पनि नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गरिसकेको छ । मन्त्रालयले नै 'प्रेमगीत ३'को हिन्दी भर्सन पनि नेपाली चलचित्र नै हो विदेशी होइन भनेपछि बोर्डमाथि झन् गम्भीर प्रश्न उठेको छ । के प्रगति गर्न लागेको देख्ने बित्तिकै खुट्टा तान्ने पर्ने हो ?

तर यस घटनाबाट बोर्डलगायत विपक्षमा उभिने सबैले पाठ सिके नै होलान् । विरोध गर्नेले पछि आफैंले पनि आफ्नौ चलचित्रलाई हिन्दी डब गरेर नेपालमा चलाउन खोज्दा अरुले साथ नदिए के होला ? त्यसैले के भन्न सकिन्छ भने 'प्रेमगीत ३'ले नेपाली चलचित्र क्षेत्रलाई विस्तार गर्ने एक गतिलो मार्ग बनाइदिएको छ । जुन मार्गमा अन्य नेपाली चलचित्र लागे अवश्य पनि सानो बजारबाट ठूलो बजारमा लम्किन गाह्रो छैन नेपाली सिने जगतलाई ।

